# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, जेठ १५ गते २०५१ साल ( अतिरिक्ताङ्क ७

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ क ले दिएको अधिकार प्रयोग गरी विदेशी विनिमयसम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि बागमती अञ्चलको जिल्लाहरूका हकमा अर्थ मन्त्रालय राजस्व अनुसन्धान विभागका महानिर्देशक वा महानिर्देशक अनुपस्थित रहेको अवस्थामा सोही विभागका निर्देशकलाई र अन्य अञ्चलका जिल्लाहरुका हकमा सम्बन्धित जिल्लाका प्रहरी नायव उपरीक्षक, प्रहरी नायव उपरीक्षक नभएको जिल्लामा प्रहरी निरीक्षक र प्रहरी निरीक्षक पनि नभएको जिल्लामा प्रहरी नायव निरीक्षकलाई अनुसन्धान अधिकारी तोकिएको छ ।

खण्ड ४३ संख्या १९ मिति २०५०।५।७ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।